**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन १४ गते बिहीबार ❑ 26 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## गण्डकीमा चुनावको तयारी तीव्र

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

मतदानको दिन आउन ९ दिन बाँकी रहँदा गण्डकी प्रदेशमा प्रतिनिधिसभा सदस्य चुनावको तयारी तीव्र पारिएको छ । सुरक्षादेखि अन्य व्यवस्थापकीय प्रबन्धका कामलाई तीव्रता दिइएको हो ।

प्रदेशका ११ वटै जिल्लामा मतपत्रसहितका निर्वाचन सामग्री पुगिसकेको प्रदेश निर्वाचन कार्यालय, पोखराले जनाएको छ । सम्बन्धित जिल्ला निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालय निर्वाचनको अन्तिम तयारीमा जुटेको कार्यालयका सूचना अधिकारी रुद्रनाथ न्यौपाने बताउनुभयो । मतदान कार्य सञ्चालनका लागि खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृतसहित कर्मचारी व्यवस्थापन र खटनपटनको काम भइरहेको उहाँको भनाइ छ । कतिपय जिल्लामा मतदान अधिकृत र सहायक मतदान अधिकृतको तालिम सम्पन्न भइसकेको छ भने केही जिल्लामा सुरू गर्ने तयारी छ ।

जिल्ला निर्वाचन कार्यालय, बागलुङका प्रमुख यज्ञप्रसाद रिजालले बुधबार र बिहीबार उक्त तालिम सञ्चालन गरिने बताउनुभयो । तालिम पश्चात यही फागुन १८ गते कर्मचारी सम्बन्धित मतदानस्थलमा पुग्ने उहाँको भनाइ छ । गण्डकीमा १४ हजारभन्दा बढी कर्मचारी निर्वाचनमा खटिने भएका छन् ।

"बागलुङमा चुनावको करिब ९० प्रतिशत तयारी पूरा भएको छ", उहाँले भन्नुभयो, "अब मतदानस्थल केन्द्रित तयारी अगाडि बढ्छ ।" अहिले प्रदेशका प्रत्येक वडामा एक जना स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा सञ्चालन भइरहेको छ । मतदान गर्ने सही तरिका सिकाइ बदर मत घटाउने उद्देश्यले निर्वाचन आयोगले मतदाता शिक्षा दिने गरेको हो ।

चुनावलाई शान्तिपूर्ण र भयरहित बनाउन सुरक्षा प्रबन्ध चुस्त पारिएको छ । मतदानको दिन नजिकिँदै गर्दा सुरक्षाका दृष्टिबाट कुनै कमी हुन नदिन हरेक जिल्लामा एकीकृत निर्वाचन सुरक्षा योजना लागू गरिएको छ । निर्वाचन सुरक्षाका लागि चार वटै सुरक्षा निकाय परिचालित गरिएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो ।

सम्बन्धित जिल्ला सुरक्षा समितिले मतदानस्थललाई अतिसंवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरी सुरक्षा विश्लेषणसहित आवश्यक रणनीति तयार गरेको छ । "मतदानस्थलको नियमित अनुगमन भइरहेको छ, सुरक्षा विश्लेषणका आधारमा मतदानस्थलको सुरक्षा प्रबन्धलाई चुस्त र प्रभावकारी बनाइएको छ", उहाँले भन्नुभयो । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको जनशक्ति निर्वाचनको सुरक्षामा खटिएको सहायक प्रजिअ बरालले बताउनुभयो । एकीकृत निर्वाचन सुरक्षा योजना बमोजिम नेपाल प्रहरी मतदानस्थलको भित्री घेराको सुरक्षामा खटिनेछ । नेपाली प्रहरीसँगै निर्वाचन प्रहरी पहिलो तहको सुरक्षा घेरामा परिचालित हुनेछन् । दोस्रो तहको सुरक्षा घेरामा सशस्त्र प्रहरी बल र सुरक्षा घेराको बाहिरी तहबाट नेपाली सेनाले सुरक्षा प्रदान गर्ने जनाइएको छ । गण्डकी प्रदेशका एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र रहेका छन् । मतदाताको सङ्ख्या १८ लाख ७० हजार ६५ रहेको छ । गण्डकीमा विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा १६ लाख ६२ हजार २४६ मतदाता थिए । अहिलेको चुनावमा दुई लाख सात हजार ८१९ नयाँ मतदाता थपिएका हुन् । यहाँ १८ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेका छन् ।

## भारत र नेपाल बीचको साझेदारी फलदायी

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन



नेपालस्थित भारतीय राजदूतावासका प्रथम सचिव सुमन शेखरले सूचना प्रविधि तथा नवप्रवर्तनका निम्ति नेपाल र भारतबीचको सुरु भएको साझेदारी फलदायी देखिएको बताएका छन् ।

दूतावासका वाणिज्यतर्फका प्रथम सचिव सुमनले हालै भारतमा भएको स्टार्ट अपको महाकुम्भ तथा आइटी सम्मेलनमा नेपालको तर्फबाट भएको सहभागिता अर्थपूर्ण रहेको पनि बताए । प्रथम सचिव सुमन उनको सम्मानमा बुधबार पोखरा उद्योग वाणिज्य संघले आयोजना गरेको स्वागत तथा अन्तर्क्रिया कार्यक्रममा बोल्दै थिए । उनले सूचना प्रविधि र स्टार्ट अपसम्बन्धी अब आयोजना हुने मेलामा पनि नेपाली सहभागिता सुनिश्चित हुने बताए । स्टार्ट अप र कृतिम बुद्धिमत्ता (एआई) को क्षेत्रमा नेपाल र भारतबीच साझेदारी गरिने उनको भनाइ थियो । उनले भारतले नेपाली उत्पादनको प्रवर्द्धनका साथै भौतिक निर्माणमा गरेको सहयोगको स्मरण गर्दै हाल नेपालबाट १२ सय मेघावाट विद्युत आयात गरिरहेको भारतले आउँदो १० वर्षमा १० हजार मेघावाट विद्युत खरिदको सम्झौता गर्दै यहाँको जलविद्युत विकासमा पनि सघाएको धारणा राखे । कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा अन्तर र्ष्ट्रिय विमानस्थलबाट भारतीय सहरमा सोझै यात्राको वातावरण तथा भारतीय पर्यटकलाई नेपाल भित्र्याउनका निम्ति सहयोगको आग्रह गरेकोमा प्रथम सचिव सुमनले यी दुबै मागप्रति आफू सकारात्मक भएको बताए ।

अध्यक्ष कार्कीले स्वागत मन्तव्यको क्रममा एयरपोर्ट संचालनसँगै, सिद्धार्थ राजमार्गको स्तरोन्नतिको विषय पनि उठान गरेका थिए । समान संस्कृति भएका नेपाल र भारतलाई आस्थाले पनि जोडेको चर्चा गर्दै अध्यक्ष कार्कीले भनेका थिए,'रोजगारीदेखि उपचार र अध्ययनका लागि नेपालबाट दैनिक हजारौँ नागरिक भारत पुग्ने गरेको तथ्यबारे प्रथम सचिवज्यू जानकार हुनुहन्छ । यसरी भारत जाने नेपालीहरुको सहजताको निम्ति पोखरा-दिल्ली,पोखरा-वाराणसीबीच सोझो हवाइ यात्रा होस् भन्ने हाम्रो चाहना रहेको छ । पोखरामा अन्तर र्ष्ट्रियस्तरको विमानस्थल बनेको छ । दुई ठूला राष्ट्रबीच रहेको नेपाल दुबै छिमेकीसँग असल मित्रता चाहन्छ । दुबैले दिएको सहयोग स्वीकार्छ । मित्रराष्ट्र चीन सरकारको ऋण सहयोगबाट निर्मित यो विमानस्थलबाट भारतीय सहरमा किन उडान भएन भन्नेबारे विभिन्न टिका टिप्पणी भएको हामीले सुन्दै आएका छौँ । म प्रथम सचिवज्यूसमक्ष पोखराबाट भारतीय सहरहरुमा उडान सुनिश्चितताको पहल कदमी लिइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।' अध्यक्ष कार्कीले धेरैभन्दा धेरै पर्यटक आकर्षित गर्नका निम्ति भारतका विभिन्न सहरहरुमा प्रवर्द्धनात्मक गतिविधि गर्न पोखराको निजी क्षेत्र तयार रहेको बताउँदै त्यसको सहजीकरणको अनुरोधसमेत गरेका थिए । कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतमले महिला उद्यमीबाट उत्पादित बस्तुहरुको बजार प्रवर्द्धनका निम्ति भारतीय सहयोगको अपेक्षा राखेकी थिइन् भने उपमहासचिव सुदीप प्रधानाङ्गले भारतबाट सामानहरु आयात गर्दा ढुवानी खर्च कम गर्नेतर्फ सहजीकरणको आग्रह गरेका थिए । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको थियो ।

## प्रतिनिधिसभा निर्वाचन कास्की-२ मा त्रिपक्षीय भिडन्त हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

कास्की क्षेत्र नं २ मा १७ जना उम्मेदवार चुनावी मैदानमा छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को प्रभाव रहेको यो क्षेत्रलाई धेरैले उत्सुकताका साथ हेरेका छन् ।

अघिल्लो निर्वाचनमा एमालेकी नेत्री विद्या भट्टराई विजयी हुनुभएको थियोभने सोही पार्टीका रवीन्द्र अधिकारी २०६४ र २०७० को संविधानसभा निर्वाचन र २०७४ को निर्वाचनमा विजयी हुनुभएको थियो । एमालेकी नेत्री भट्टराई विजयी हुनुभएको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका माधव कँडेल दोस्रो र नेपाली कांग्रेस, तत्कालीन नेकपा माओवादी केन्द्र र नेकपा (एस) को गठबन्धनका श्रीनाथ बराल तेस्रो हुनुभएको थियो । यहाँ त्रिपक्षी भिडन्त हुने अनुमान गरिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले यसपटक नेकपा एमालेलाई पाखा लगाउने दाबी गरेको छ भने नेपाली कांग्रेसले अघिल्लो निर्वाचनमा गठबन्धनको कारण आफ्नै चुनाव चिह्न प्रयोग गर्न नपाएको गुनासो गरेको छ । यद्यपि उसले यसपटक आफ्नै चुनाव चिह्नमा मत माग्न पाएकाले प्रतिद्वन्द्वीहरूलाई कडा टक्कर दिन सहज भएको बताएको छ । यहाँका मतदाता विभाजित छन् । अधिकांशले एमाले, कांग्रेस र राप्रपाबीच नै प्रतिस्पर्धा हुने बताएका छन् ।

यहाँ नेकपा एमालेका रश्मि आचार्य, नेपाली कांग्रेसका माधव बास्तोला, नेपाली कम्युनिष्ट पार्टीका हेमबहादुर थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका उत्तमप्रसाद पौडेल, उज्यालो नेपाल पार्टीबाट कुशल गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका हेमजङ गुरुङसहित १७ जना मैदानमा हुनुहुन्छ । गाउँबस्तीमा भोट माग्न गएका उम्मेदवारले नयाँ पुस्ताका उठाएका भ्रष्टाचारमुक्त प्रशासन, रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा र देशको समृद्धिलाई प्राथमिकतामा राखेको बताएका छन् । मतदाताले भरतपोखरीका चवादी, कुर्लिङ, सिङ्गारेवासलगायत गाउँ-बस्तीमा आधारभूत आवश्यकताका पूर्वाधार निर्माण गर्न उम्मेदवारसमक्ष आग्रह गरेका छन् ।

## एकीकृत सुरक्षा योजनाअनुसार निर्वाचन सुरक्षा व्यवस्थापन गर्दै सेना


**रासस**
काठमाडौं, १३ फागुन

नेपाली सेनाले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचन पूर्व, निर्वाचनका बेला र निर्वाचनपश्चात् गरी तीन चरणमा सुरक्षा व्यवस्थापनको भरपर्दो प्रबन्ध गरेको छ । राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मन्त्रिपरिषद्को निर्णय तथा राष्ट्रपतिबाट स्वीकृति प्राप्त भएपछि निर्वाचन सुरक्षाका लागि परिचालन भएको नेपाली सेनाले विगतमा जस्तै यसपटक पनि सुरक्षा व्यवस्थाको योजना बनाएको छ ।

सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतका अनुसार निर्वाचन केन्द्रित तालिम तथा संयुक्त अभ्यास सञ्चालन गरी आवश्यक तयारी पूरा भइसकेको छ । यसबीचमा सेनाले मतपत्र छपाइ सुरक्षाको जिम्मेवारी सफलतापूर्वक पूरा गरेको छ । आजसम्म ७५ वटा जिल्लामा निर्वाचन सामग्री ढुवानी भइसकेको र भोलिसम्ममा सबै जिल्लामा मतपत्र ढुवानी भइसक्ने निर्वाचन आयोगले जनाएको छ । भौगोलिक अवस्थाअनुसार पाँच जिल्लामा हवाई माध्यमबाट र अन्य जिल्लामा स्थल मार्गबाट मतपत्र ढुवानी गरिएको हो । सेनाले २०४८ साल यताका सबै निर्वाचनमा मतपत्र छपाइस्थलको सुरक्षा, काठमाडौँबाट देशका सबै जिल्लास्थित निर्वाचन कार्यालयसम्म मतपत्र ढुवानी गर्दै आएको छ । निर्वाचनको दौरान तेस्रो घेरामा रही सुरक्षा प्रदान गर्नुका साथै निर्वाचन सम्पन्न भएपश्चात् अन्य सुरक्षा निकाय, निर्वाचन अधिकृतलगायत दलका प्रतिनिधिसहितको एकीकृत टोलीले सुरक्षा प्रदान गरी मतपेटिकालाई मतगणना स्थलसम्म पुर्‍याउने काम हुँदै आएको छ ।

मत गणनाको समयमा सेनाले गणनास्थलको बाहिरी घेरामा रही सुरक्षा प्रदान गर्दै आइरहेको छ । आसन्न निर्वाचनलाई सुरक्षित, भयरहित र निष्पक्ष रूपमा सम्पन्न गराउन विगत जस्तै सेनालगायत अन्य सुरक्षा निकाय परिचालित भएका सैनिक प्रवक्ता बस्नेतले स्पष्ट पार्नुभयो । एकीकृत सुरक्षा योजनाअनुसार सेनाले निर्वाचनका दौरान मतदान केन्द्र तथा मतगणना स्थलको सुरक्षा, हवाई गस्ती, शङ्कास्पद वस्तु निष्क्रिय पार्नेलगायत कार्य गर्नेछ । सुरक्षा व्यवस्थाको तेस्रो घेरामा रही आवश्यकताअनुसार विभिन्न साधनमार्फत थप फौज समेत परिचालन गरी जुनसुकै सुरक्षा घेरामा खटिइ निर्वाचनलाई सुरक्षित वातावरण तयार गरिने सेनाले जनाएको छ । निर्वाचन सुरक्षालाई थप सुदृढ बनाउन स्थानीय प्रशासन र सम्बद्ध सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी देशभर विभिन्न स्थानमा बेस स्थापना गरी नियमित गस्ती भइरहेको छ । भौगोलिक विकट स्थानमा सडक तथा बाटोमा जमेका हिउँ पन्छाएर बाटो खुलाई निर्वाचन सामग्री ढुवानी, व्यवस्थापन एवं आम जनमानसको सहजताको लागि सहयोग प्रदान गरिरहेको सेनाले जनाएको छ । कारागार, विमानस्थल तथा सरकारी कार्यालयसहित अन्य सुरक्षा निकायले सुरक्षा प्रदान गरिरहेका ११६ महत्वपूर्ण संरचनाको सुरक्षाका लागि समेत सेना खटिएको छ । निर्वाचन सुरक्षासम्बन्धी

बाँकी अन्तिम पृष्ठमा ▶▶



# निर्वाचन रिपोर्टिङ र आचारसंहिताबारे पत्रकारलाई अभिमुखीकरण

पोखरापत्र संवाददाता
पोखरा, १३ फागुन




निर्वाचनका बेला पत्रकारितालाई थप जिम्मेवार र मर्यादित बनाउन गण्डकी प्रदेशका पत्रकारलाई निर्वाचन रिपोर्टिङ र पत्रकार आचारसहिंताका विषयमा अभिमुखीकरण गरिएको छ।

नेपाल पत्रकार महासङ्घद्वारा बुधबार पोखरामा आयोजित उक्त अभिमुखीकरण कार्यक्रमको उद्घाटन सत्रमा कास्कीका मुख्य निर्वाचन अधिकृत हिमलाल बेल्वासेले स्वच्छ, स्वतन्त्र र भयरहित निर्वाचनका लागि पत्रकारको महत्वपूर्ण भूमिका हुने बताउनुभयो। निर्वाचनको पारदर्शिताका लागि पत्रकारले सूचनाको पहुँच र व्यापकता वृद्धिमा ध्यान दिनुपर्ने उहाँले बताउनुभयो। "निर्वाचन नजिकिँदै गर्दा सामाजिक सञ्जालमार्फत मिथ्या र भ्रामक सूचना प्रवाह भइरहेकाले त्यसलाई चिर्दै सत्यतथ्य सूचना नागरिकसामु पुऱ्याउने दायित्व आमसञ्चारमाध्यम र पत्रकारको हो", मुख्य निर्वाचन अधिकृत बेल्वासेले भन्नुभयो, "लोकतन्त्रको आधारशिला निर्वाचन भएकाले यसलाई हामी सबै मिलेर सफल पार्नुपर्छ।" नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले निर्वाचन आचारसंहिता पालनामा पत्रकार सजग हुनुपर्ने धारणा राख्नुभयो। आचारसंहिता पालनाको विषय पेसागत मर्यादासँग जोडिएको विषय भएकाले यसको उल्लङ्घन हुँदा पत्रकारको पेसा नै सङ्कटमा पर्ने उहाँको भनाइ छ। अध्यक्ष शर्माले पत्रकारले समाचार लेख्दा जहिल्यै सत्यतथ्य, सन्तुलित र विश्वसनीयतालाई ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले पत्रकारलाई निर्वाचनका अवधिमा रिपोर्टिङका लागि सहज पहुँच दिलाउन निर्वाचन आयोगलगायत सम्बद्ध निकायमा समन्वय भइरहेको बताउनुभयो।

प्रेस काउन्सिल नेपालका सदस्य केशवशरण लामिछानेले निर्वाचनका बेला सञ्चारमाध्यम र पत्रकारबाट भएका आचारसंहिता उल्लङ्घनका घटनामा परेका उजुरीको छानबिन गरी सम्बन्धित पक्षलाई स्पष्टीकरण सोधिएको बताउनुभयो। पत्रकारहरूले सामाजिक सञ्जालमार्फत पनि आचारसंहिताविपरीत गतिविधि गरेको भन्दै काउन्सिलमा उजुरी र गुनासो आउनेक्रम बढेको उहाँको भनाइ छ। "आचासहिंता उल्लङ्घनका घटनामा काउन्सिलले आफ्नो क्षेत्राधिकारभित्र रहेर कारबाहीको प्रक्रिया अगाडि बढाएको छ", सदस्य लामिछानेले भन्नुभयो।

प्रदेश निर्वाचन कार्यालय, पोखराका प्रमुख नारायण ढकालले समाचार सङ्कलनमा पत्रकारलाई मतदानस्थलमा सहज पहुँचको व्यवस्था गरिने बताउनुभयो। निर्वाचनको स्वच्छता र पारदर्शिताका लागि पत्रकार र आमसञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण हुने उहाँको भनाइ छ। प्रदेशका ११ वटै जिल्लामा निर्वाचन सामग्री पुगिसकेको र निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो। निर्वाचनमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम दिइ मतदानस्थलमा खटाउने तयारी भइरहेको प्रमुख ढकालले बताउनुभयो। कार्यक्रममा महासङ्घका अध्यक्ष शर्मा र सचिव प्रकाश धौलाकोटीले निर्वाचन रिपोर्टिङ र पत्रकार आचारसहिंताका विषयमा सहजीकरण गर्नुभएको थियो। पत्रकार सधैँ आचारसंहितामा बस्नुपर्ने भए पनि निर्वाचनकाबेला रिपोर्टिङ गर्दा पत्रकारले थप संवेदनशीलता अपाउनुपर्ने सचिव धौलाकोटीले बताउनुभयो। कार्यक्रममा सामाजिक सञ्जालको सही प्रयोगका सम्बन्धमा पनि पत्रकारलाई अभिमुखीकरण गरिएको थियो। सहभागी पत्रकारले आचारसहिंतालगायत विषयमा समूहगत अभ्यास गरी प्रस्तुतीकरण गरेका थिए। कार्यक्रममा पोखरामा क्रियाशील पत्रकारसहित महासङ्घका प्रदेश र जिल्ला शाखाका अध्यक्ष, पदाधिकारीलगायतको सहभागिता रहेको थियो। महासङ्घले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्ष्य गरी सातै प्रदेशमा अभिमुखीकरण कार्यक्रम गरेको अध्यक्ष शर्माले जानकारी दिनुभयो।



पर्यटकको प्रतिक्षा : पोखरा महानगरपालिका-६ गौरीघाटस्थित फेवाताल किनारमा राखिएका डुङ्गा। तस्बिरः राधिका कँडेल/रासस

# निर्वाचन आठ दिन बाँकी: प्रचारप्रसारमा अवरोध गरे यस्तो हुनेछ सजाय

रासस
काठमाडौं, १३ फागुन

फरक राजनीतिक दल वा उम्मेदवारलाई निर्वाचन प्रचारप्रसारमा कुनै अवरोध गरेको पाइए रु दुई लाख बराबरको जरिवाना हुने भएको छ।

सङ्घीय कानुन बमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउने कार्य गरेमा रु दुई लाख जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी राजनीतिक दल वा उम्मेदवारको चुनावी प्रचारप्रसारलाई आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको उल्लेख छ। कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको कार्यलाई अन्य कुनै राजनीतिक दल वा उम्मेदवार वा दलका कार्यकर्ता वा आम नागरिकले विभिन्न तरिकाले अवरोध सिर्जना गरेको गुनासो र उजुरी प्राप्त भएको आयोगले जनाएको छ। यस्तै, साथै विभिन्न सञ्चारमाध्यमबाट समेत यस्ता विषयमा जानकारी भएकोमा आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण सम्बन्धमा निर्वाचन आचारसंहिता जारी भइसकेको छ। सो आचारसंहितामा कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने व्यवस्था छ। निर्वाचन (कसुर तथा सजाय) ऐनअनुसार, निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध गर्न नपाइने व्यवस्था छ। आसन्न निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष तथा भयमुक्त वातावरणमा सम्पन्न गराउने दायित्व राजनीतिक दल, उम्मेदवार, आम नागरिक तथा सरोकारवाला सबैको भएको आयोगको ठहर छ। निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम निर्वाचनको प्रचारप्रसार गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध गरे वा गर्न लगाएको अवस्थामा त्यस्तो गर्ने वा गराउने जस्ता कार्य नगर्नका लागि सम्बन्धित सरोकारवाला सबैलाई आयोगले अनुरोध गरेको छ।

# अहिलेको व्यवस्थामा समस्या छ, परिवर्तनका लागि मत दिन आग्रह : अध्यक्ष लिङ्देन

पोखरापत्र संवाददाता
पोखरा, १३ फागुन

राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले अहिलेको शासन व्यवस्थामा नै समस्या रहेकाले व्यवस्था परिवर्तन गर्नुपर्ने बताउनुभएको छ।

पोखरामा बुधबार राप्रपाको चुनावी कोणसभामा उहाँले अहिलेकै व्यवस्था कायम राखेर देश विकास नहुने भएकाले राप्रपाले विकल्प खोजेको उल्लेख गर्नुभयो। "देशमा सुशासन भएन, राजनीतिक दलका नेताहरू भ्रष्टाचारमा रमाए भनेर सबैले भन्दै आएका छन्। राजनीतिक दल र नेतामा मात्र समस्या होइन, अहिलेको व्यवस्थामा नै समस्या छन्, परिवर्तनका लागि हामीलाई भोट दिनुहोस्", अध्यक्ष लिङ्देनले भन्नुभयो। नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी र अहिलेको नयाँ राजनीतिक दल रास्वपामा समेत कुनै भिन्नता नभएको उहाँले जिकिर गर्नुभयो। अध्यक्ष लिङ्देनले भन्नुभयो, "गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षताको प्रस्तावक माओवादी हो। पुराना र नयाँ दलले गणतन्त्र, धर्मनिरपेक्षतालाई स्वीकार गरेका छन्। यी सबै दलको विकल्प भनेको राप्रपा हो।" लिङ्देनले देशको समस्या समाधानका लागि सबैपक्ष मिलाएर नवीन समझदारी आवश्यक छ भन्नुभयो। उहाँले फागुन २१ गतेको निर्वाचनमा सोच विचार गरेरमात्र मतदान गर्न आग्रह गर्नुभयो। राप्रपाले कास्कीका तीनवटै निर्वाचन क्षेत्रमा कोणसभा आयोजना गरेको छ। सो सभालाई पार्टीका अध्यक्ष लिङ्देनसहित क्षेत्र नं १ का उम्मेदवार बाबुराम थापा, क्षेत्र नं २ का उम्मेदवार हेमजङ गुरुङ र क्षेत्र नं ३ का उम्मेदवार अर्जुन खनालले सम्बोधन गर्नुभएको थियो।

# साङ्ता मतदान केन्द्र जाने सडकको हिउँ पन्छाइँदै

पोखरापत्र संवाददाता
मुस्ताङ, १३ फागुन



यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यहाँस्थित वारागुङ मुक्तिक्षेत्र-५ साङ्ता मतदान केन्द्र जाने (मुस्ताङ-डोल्पा) सडकको हिउँ मङ्गलबारदेखि पन्छ्याउन सुरु गरिएको छ।

हिमपातका कारण गत कात्तिक १० गतेदेखि पूर्णरुपमा अवरुद्ध उक्त सडकमा सवारी सञ्चालनका लागि हिउँ पन्छ्याउन सुरु गरिएको वारागुङ मुक्तिक्षेत्र-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले उल्लेख गर्नुभयो।

मुस्ताङ सदरमुकाम जोमसोमदेखि उत्तर/पश्चिमतर्फ समुन्द्री सतहको चार हजार ५०० मिटरको उचाइमा अवस्थित साङ्ता गाउँ मुस्ताङको सबै भन्दापछि पत्ता लागेको गाउँ हो। यहाँको साङ्ता गाउँमा ३९ जना मतदाता छन्। यही गाउँमा अवस्थित हिमाली आधारभूत विद्यालय मतदान केन्द्रको दुरी जोमसोमबाट करिब ४० किलोमिटर टाढा छ। भौगोलिक रुपले विकट स्थानमा रहेको मुस्ताङको साङ्ता गाउँका नागरिक अहिले गाउँभन्दा बाहिर छन्। मुस्ताङ र डोल्पाको सिमाना नजिक रहेको साङ्ता गाउँका नागरिकहरु मङ्सिर अगावै जाडो छल्न गाउँ छोडेर मुस्ताङको जोमसोम आसपासका गाउँहरुमा आफन्तहरुको घरमा बसेका छन्। केही भने हिउँदयामको छेकोमा जाडो छल्न पोखरा-काठमाडौँ झरेका छन्। गाउँमा केही पशुचौपाया हेर्ने गोठालाहरु बाहेक पूरै गाउँका घरहरुमा ताल्चा मारिएको छ। लाग्छ स्थानीय सबै गाउँ छोडेर गएपछि साङ्ता गाउँ पूरै गुमनाम जस्तै छ। यहाँस्थित साङ्ता गाउँमा जम्मा १३ घरधुरी मात्रै छन्। हिउँदयामको जाडो छल्न पारिलो स्थानमा लागेका यहाँका नागरिकहरु चैत/वैशाख महिनामा मात्रै गाउँ फर्कन्छन्। तर, यसपालिका फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदान गर्न २१ फागुन अगावै गाउँ पुग्नुपर्ने बाध्यता छ। केही दिन अघि यहाँस्थित साङ्ता गाउँको हिमाली मतदान केन्द्रको अवलोकन गर्न पुगेको जिल्ला सुरक्षा समितिको टोली साङ्ता गाउँ जाने सडकको आधा बाटोमा पुगेर फर्किएको थियो। मुस्ताङका अधिकांश मतदान केन्द्रहरुको जिल्ला सुरक्षा समितिले स्थलगत अनुगमन गरेपछि यहाँका साङ्ता गाउँस्थित हिमाली आधारभूत विद्यालय मतदान केन्द्र हिमपातले सडक अवरुद्ध हुँदा अनुमगन हुन सकेको छैन।

# निर्वाचनका दिन पर्यटक वाहक सवारीका निम्ति अनुमति लिनुपर्ने

रासस
काठमाडौं, १३ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनका दिन पर्यटकको आवागमनका लागि कम्तीमा दुई दिनअघि अनुमति लिई पर्यटकको आवागमनका लागि सवारी साधन सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ।

निर्वाचन आयोगले जारी गरेको 'सवारी साधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२' मा निर्वाचनका दिन कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय हवाइ उडान नरोकिने भएकाले पर्यटकका सवारी साधन सञ्चालनका लागि अनुमतिको व्यवस्था गरिएको हो। सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट र काठमाडौँमा आयोगबाट कम्तीमा दुई दिनअघि अनुमति लिई पर्यटकको आवागमनका लागि सवारी साधन सञ्चालन गर्न सकिने व्यवस्था गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताउनुभयो। यस्तै राजमार्गमा चल्नुपर्ने सवारी साधनको आवागमनलाई व्यवस्थित तुल्याउन कार्यविधिमा व्यवस्था गरिएको छ। साथै अत्यावश्यक सेवा, कूटनीतिक नियोग, मानव अधिकार आयोगबाहेक अन्य कुनै प्रकारका सवारी साधन अनुमित लिएर प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ।

## एकीकृत...

गतिविधिको केन्द्रीय र स्थानीय तहबाट निरन्तर अनुगमन भइरहेको सेनाले जनाएको छ। सो क्रममा प्रधानसेनापति अशोकराज सिग्देलले विभिन्न कमान्ड सेन्टर तथा फिल्डमा खटिएका फौजको निरीक्षण गर्दै आवश्यक निर्देशन दिँदै आउनुभएको छ।

सैनिक प्रवक्ता बस्नेतले राससर्सँगको कुराकानीमा निर्वाचन आचारसंहिता तथा मानवअधिकारको पूर्णपालना गर्दै सरकार, निर्वाचन आयोग, स्थानीय प्रशासन तथा अन्य सुरक्षा निकायसँग समन्वय गरी एकीकृत सुरक्षा योजनाअनुसार निर्वाचन सुरक्षा गर्न सेना पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनुभयो।

संयुक्त राष्ट्र सङ्घको आह्वान विश्व शान्ति स्थापना कार्यमा विश्वसनीय र भरपर्दो शान्ति सैनिकको पहिचान बनाएको सेनासँग विभिन्न द्वन्द्वग्रस्त मुलुकमा शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्न सहयोगी भूमिका निर्वाह गरेको अनुभव रहेको छ।

सरकारको दृढ प्रतिबद्धता र सेनालगायत अन्य सुरक्षा निकायको सक्रिय परिचालनले यस पटकको प्रतिनिधिसभा निर्वाचन सुरक्षित र शान्तिपूर्ण वातावरणमा सम्पन्न हुने अपेक्षा गरिएको सेनाले जनाएको छ।

# निर्वाचन सामग्री र मतपत्र पचहत्तर जिल्लामा पुऱ्याइयो

पोखरापत्र संवाददाता
पोखरा, १३ फागुन

काठमाडौँ, १३ फागुनः यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ७५ जिल्लामा निर्वाचन सामग्रीसहित मतपत्र पुऱ्याइएको छ।

काठमाडौँ र भक्तपुरबाहेक सबै जिल्लामा मतपत्रसहितका सामग्री पुऱ्याइएको निर्वाचन आयोगले जनाएको छ। 'पहिलो हुने निर्वाचित हुने' र 'समानुपातिक निर्वाचन प्रणाली'तर्फका मतपत्र ७५ जिल्ला पुऱ्याइएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो। काठमाडौँ र भक्तपुरका निर्वाचन कार्यालयमा बिहीबार निर्वाचन सामग्री र मतपत्र पुऱ्याइने छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# सडक दुर्घटना रोक्न लाग

धादिङमा भएको बस त्रिशूलीमा खस्दा १९ जनाले ज्यान गुमाए । २४ जना घाइते भएका छन।दुर्घटनामा विदेशी नागरिक समेतको मृत्यु भएको छाधादिङमा भएको सडक दुर्घटनाका छानबिन गर्न सरकारले समिति गठन गरेको छाबस दुर्घटनामा यति धेरैको ज्यान गएपछि दुःखको कुरा त के भने लगातारको सडक दुर्घटनामा भइरहेको ठुलो मानवीय क्षतिले मुलुकको सडक पूर्वाधार, सडक सुरक्षा र यातायात प्रणालीमाथि नै प्रश्न उठेको छ ।

मुलुकभरका सडक र सञ्चालनमा रहेका यातायातका साधनको अवस्था कमजोर छ । सुधारका प्रयास पर्याप्त छैनन् । सडक सुरक्षाका लागि चाहिने आवश्यक पूर्वाधार निर्माण र मापदण्ड पूरा हुन सकेको छैन । सडक सुरक्षा परीक्षण (रोड सेफ्टी अडिट) गर्नु पर्छ भन्ने अन्तर्राष्ट्रिय प्रावधान छ तर यहाँ सडक सुरक्षा परीक्षण हुने गरेको छैन । सडक दुर्घटनामा् वार्षिक तीन हजारभन्दा बढी यात्रुले अकालमा ज्यान गुमाएका छन् । हजारौँले अङ्गभङ्गको पीडा भोग्नु परेको छ । ठुला सडक दुर्घटना हुँदा छानबिन समिति गठन गरी प्रतिवेदन तयार गरिन्छ । त्यसलाई कार्यान्वयन भने गरिँदैन । २०५१/५२ सालतिर 'रोड सेफ्टी म्यानुअल' निर्माण गरिए पनि कार्यान्वयनमा छैन । सडक सुरक्षा परीक्षण गरियो भने नेपालका सडकको सन्दर्भमा त्यसले औँल्याएका कमीकमजोरी सुधार गर्न ठुलो रकम खर्च गर्नुपर्ने हुन्छ। त्यही भएर पनि त्यतातिर ध्यान जान सकेको छैन ।

सडक दुर्घटनाबारे प्रहरी प्रधान कार्यालयले दिएको तथ्याङ्क अत्यासलाग्दो छ । विगत पाँच वर्षमा सडक दुर्घटनाका कारण १४ हजार २१४ जना नागरिकले ज्यान गुमाएका छन् । एक लाख ७१ हजार ९५२ जना घाइते भएका छन् । दुर्घटनाबाट हुने भौतिक क्षतिको कुनै लेखाजोखा नै छैन । आर्थिक वर्ष २०७६/७७ मा २५ हजार ७८८ वटा सडक दुर्घटनामा दुई हजार २९१ जनाको ज्यान गएको थियो, जसमध्ये एक हजार ८२३ जना पुरुष र ४६८ जना महिला छन् । दुर्घटना हुने सवारीको सङ्ख्या १३ हजार ५८२ छ । त्यस्तै आव २०७७/७८ मा २४ हजार ५३९ सवारी दुर्घटनामा दुई हजार ८८३ जनाको मृत्यु भयो । यसमध्ये दुई हजार ३६३ जना पुरुष र ५२० जना महिला थिए । दुर्घटना हुने सवारीको सङ्ख्या १३ हजार ४९५ थियो । त्यसै गरी आव २०८१/८२ को नौ महिनामा २२ हजार ८६० वटा सवारी दुर्घटनामा दुई हजार ७९ जनाको ज्यान गएको छ, जसमध्ये एक हजार ६२६ जना पुरुष र ४४३ जना महिला रहेका छन् । दुर्घटनामा परी ३५ हजार ७७८ जना घाइते भएका छन् । सडक दुर्घटनामा ज्यान गुमाउनेमध्ये अधिकांश २५ वर्षमाथि उमेर समूहका पुरुषको सङ्ख्या ८० प्रतिशतको हाराहारीमा रहेको पाइएको छ । सडक दुर्घटनाको तथ्याङ्क विश्लेषण गर्दा दैनिक ८० वटा दुर्घटनामा औसत आठ जनाको मृत्यु हुने र ७० जना घाइते हुने गरेका छन् । यो तथ्याङ्कले सडक दुर्घटनाबाट श्रीमान्, श्रीमती तथा अभिभावक गुमाउने परिवारको सम्भावित एकल अवस्था भयावह देखाएको छ ।

सडक सुरक्षाका लागि भनी ऐन कानुन बनाइएका छन् । सवारी तथा यातायात व्यवस्था ऐन, २०५४ मा सार्वजनिक यातायातलाई लामो, छोटो र मध्यम गरी तीन भागमा वर्गीकरण गरेको छ । २५० किलोमिटरभन्दा लामो दुरीमा दुई जना चालक राख्ने, टाइमकार्ड लागु गर्ने, सिट क्षमतामा मात्र यात्रु बोक्ने र नियमित प्राविधिक परीक्षण गरेको हुनुपर्ने जस्ता नियम तोकिएको छ तर अन्तरप्रदेश रुट निर्धारण, राष्ट्रिय राजमार्ग तथा लोकमार्गको अनुगमनबारे अन्योल छ । सवारीचालक अनुमतिपत्र, सार्वजनिक यातायातको रुट निर्धारण सङ्घबाट प्रदेश र स्थानीय तहमा पुगेको छ । त्यसका लागि आवश्यक प्रविधि र जनशक्ति अभाव छ, जसले गर्दा प्रभावकारी अनुगमन हुन सकेको छैन । अतः सुरक्षित सडक, चुस्त सवारीसाधन, दक्ष चालक र सचेत यात्रु भएमा मात्र सडक सुरक्षा कायम गर्न सकिन्छ । यसका लागि सरकार, सम्बन्धित मन्त्रालय, सडक विभाग, सुरक्षा निकाय, ट्राफिक प्रहरी, यातायात व्यवसायी, चालक, सहचालक, यात्रु र आमनागरिकबिच सत्प्रयास, सहकार्य र यातायातमैत्री वातावरण बन्नु पर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मानसिक तनाब | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# चट्याङ लागेर गोरखामा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
गोरखा, १३ फागुन

चट्याङ लागेर गोरखा बुंकोटमा एक जना बालिकाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । मंगलबार दिउँसो ४ बजेतिर परेको चट्याङ लागेर सहिद लखन गाउँपालिका–८ बुंकोटकी १२ बर्षीया दिलिशा घर्ती मगरको मृत्यु भएको आरुघाट आधार भूत अस्पतालले जनाएको छ ।

साथै चट्याङ लागेर घाइते भएका सोही ठाउँ निवासी १३ वर्षीया दीक्षा घर्तिमगर र भीमसेन थापा गाउँपालिका–६ का २४ वर्षीय वीरेन्द्र थापामगर घाइते भएका छन् । उनीहरुको अवस्था भने सामान्य रहेको अस्पतालले विज्ञप्तिमार्फत जनाएको छ ।

उनीहरु तीनै जनालाई त्रिपुरासुन्दरी गाउँपालिका–३ मूलपानी खुर्सानीटार धादिङमा चट्याङले लागेको थियो । घाइते भएका तीनै जनालाई अस्पताल पुऱ्याउँदा दिलिशाको मृत्यु भइसकेको अस्पतालले जनाएको छ ।

# गोरखाको एउटा मतदान केन्द्रको नेतृत्व महिला कर्मचारीलाई

**पोखरापत्र संवाददाता**
गोरखा, १३ फागुन

मुख्य निर्वाचन अधिकृतको कार्यालयले गोरखा सदरमुकामको सिटीहल मतदानस्थलमा रहेको एउटा मतदान केन्द्रको नेतृत्व महिला कर्मचारीलाई दिएको छ । गोरखा नगरपालिका–७ नयाँबजारमा रहेको सिटीहल मतदानस्थलमा रहेका दुईमध्य मतदान केन्द्र 'क'लाई ' मोडलबुथ'का रूपमा सञ्चालन गर्न मतदान अधिकृतदेखि सबै कर्मचारी र सुरक्षाकर्मी, स्वयंसेवक महिला मात्र खटाइएको हो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार ७०० मतदाता रहेको सिटीहल मतदानस्थलमा दुई मतदान केन्द्र छन् । सो केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, स्वयंसेवक तथा सहयोगी कर्मचारी महिला राखिएको जनाउँदै मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमले महिला नेतृत्वले शान्तिपूर्ण वातावरणमा सफलतापूर्वक निर्वाछिन सम्पन्न गराउने विश्वास व्यक्त गर्नुभयो । उहाँका अनुसार यस मतदान केन्द्रमा प्रदेश जनस्वास्थ्य कार्यालय गोरखाका जनस्वास्थ्य प्रशासक सिम्रन काफ्लेको नेतृत्वमा छ जना महिला कर्मचारी खटाइएको छ । यहाँ सहायक मतदान अधिकृत गोरखा जिल्ला अदालतकी नायब सुब्बा देवीकुमारी शर्मा, सहायक कर्मचारीमा जिल्लाको बारपाक सुलिकोट गाउँपालिकाकी महिला विकास निरीक्षक इन्दिरा बराल, सहिद लखन गाउँपालिकाकी सामाजिक परिचालक सुनिता थापा, ढुङ्गागाढे आधारभूत विद्यालयकी शिक्षक विनु विक रहेका मुख्य निर्वाचन अधिकृत गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार सहयोगी कर्मचारीमा जिल्ला सरकारी वकिल कार्यालयकी कार्यालय सहायक शान्ता थापा रहनुभएको छ । सो मतदान केन्द्रमा महिला प्रहरी सहायक निरीक्षकको कमाण्डमा सुरक्षाकर्मी र निर्वाचन प्रहरी पनि महिला परिचालन गरिने प्रहरी उपरीक्षक भरत विकले जानकारी दिनुभयो । महिला नेतृत्वको सवलीकरणलाई प्रोत्साहन गर्न जिल्लाभरका ३३३ मतदान केन्द्रमध्ये एउटालाई नमूना मतदान केन्द्रका रूपमा सञ्चालन गर्ने नीति बनाइएको मुख्य निर्वाचन अधिकृत गौतमले बताउनुभयो ।

दुई वटा निर्वाचन क्षेत्र रहेको गोरखामा २२५ मतदानस्थलमा स्थायी ३३१ र अस्थायी दुई गरी ३३३ मतदान केन्द्र छन् । एउटा मतदान केन्द्रमा कम्तीमा छ जना कर्मचारीका दरले एक हजार ९९२ जना कर्मचारी खटाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । कार्यालयले सोमबार र मङ्गलबार ६६६ जना मतदान अधिकृत र सहायक मतदान अधिकृतहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिसकेको छ ।

# एक लाख छयासी हजार अस्थायी मतदाता कायम

**रासस**
काठमाडौं, १३ फागुन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा एक लाख ८६ हजार अस्थायी मतदाता कायम भएका छन् । यी मतदाताले समानुपातिक निर्वाचन प्रणालीतर्फ तोकिएको मतदानस्थलमा मतदान गर्न पाउनेछन् ।

मतदाता सूचीमा नाम समावेश भएका तर निर्वाचनमा खटिएका वा अन्य कारणले निर्धारित मतदानस्थलमा जान नसक्नेहरुलाई अस्थायी मतदाता सूचीमा समावेश गर्ने व्यवस्था छ ।

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारको स्वामित्वमा रहेका संस्थामा कार्यरत कर्मचारी, सेना, प्रहरी, कारागारका थुनुवा र कैदी, निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मी संवैधानिक निकायका प्रमुख तथा पदाधिकारको नाम स्थायी मतदाता नामावलीमा समावेश छ । ती अस्थायी मतदाताका लागि १४३ मतदानस्थल निर्धारण गरिएको निर्वाचन आयोगका सहप्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो ।

# 'कास्की २ मा रश्मिको विजयसँगै झन तेजिलो बनाउछौं'-एमाले कास्की इन्चार्ज कृष्ण थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन



नेकपा (एमाले) का केन्द्रीय सदस्य तथा कास्की इन्चार्ज कृष्ण थापाले आउँदो प्रतिनिधि सभा निर्वाचनमा कास्की क्षेत्र नं. २ का एमाले उम्मेदवार रश्मि आचार्यको विजयले झन तेजिलो बनाउने बताएका छन् ।

एमालेको गढ उचो र झन बलियो बनाउनेमा स्वयं जनता र कार्यकर्ता लागिसकेको भन्दै थापाले जनसाथका अगाडि संसारको जुनसुकै शक्ति आए पनि एमालेलाई परास्त गर्न नसक्ने दाबी गरे । थापाले बुधबार पोखरामहानगरपालिका वडा नं. ९ मा उम्मेदवार रश्मि आचार्यको मतदाता भेटघाट कार्यक्रमको अवसरमा सो कुरा बताएका हुन् ।

तत्कालीन पोखरा नगरपालिकाको मेयर समेत रहेका थापाले अहिलेको पोखरा महानगरको विकासको जग र आधार 'श्रम सीप जुटाऔ,पोखरालाई उठाऔं' भन्ने अभियान सहित आफ्नो नेतृत्वमा एमालेले शुरूवात गरेको उल्लेख गर्दै क्रमशः विकसित हुँदै गरेको पोखरा अब सभ्य र व्यवस्थित हुने बताए ।

व्यवस्थित पोखरा,सुन्दर पोखराको थप सबलिकरण र विकासका लागि केन्द्रीय तहमा नीति निर्माण सहित विकासको नेतृत्व युवा रश्मिले गर्ने गरि विजयको लागि तयारी गर्न थापाले आव्हान समेत गरे ।

केन्द्रीय सदस्य प्रभा कोइरालाले अग्रगामी विचार र योजना दृष्टिकोण सहितको जुझारु युवा उम्मेदवार कास्की २ का मतदाताको रोजाईमा परिसकेको दाबी गर्दै विजयी हुनेमा कुनै आशंका नरहेको उल्लेख गरिन् ।

सो अवसरमा उम्मेदवार आचार्यले मुलुकमा बढ्दो भ्रष्टाचार र कमजोर कार्यान्वयनका कारण विकास अभियान सुस्त भएको बताए । ऐन-कानुनको जटिल प्रक्रिया र प्रशासनिक ढिलासुस्तीले नागरिकले सहज रूपमा सेवा पाउन नसकेको उल्लेख गर्दै उनले सेवा प्रवाहलाई छरितो, पारदर्शी र उत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले नवपुस्ताले उठाउँदै आएका पारदर्शिता, रोजगारी, उत्तरदायित्व र प्रभावकारी शासनका मुद्दालाई संसदमा सशक्त रूपमा उठाइने बताए । आवश्यक परे पुराना ऐन-कानुन परिमार्जन गरी समयानुकूल नयाँ कानुन निर्माणमार्फत विकास प्रक्रियालाई गति दिइने उनले स्पष्ट पारे । आचार्यले 'सुशासन नै समृद्धिको आधार' भएको उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रण, कानुनी सुधार र प्रभावकारी सेवा प्रवाहमार्फत कास्की–२ मा देखिने परिवर्तन ल्याउने दाबी गरेका छन् । उल्लेख्य नेता कार्यकर्ता र स्थानियको साथमा मतदाता भेटघाट तीव्र पारेका उम्मेदवार आचार्य विद्यार्थी राजनीतीबाट उदाएका वैचारिक बौद्धिक प्रभावशाली युवा मानिन्छन् ।

# मतदाताको प्राथमिकतामा दुलेगौँडा-हर्कपुर मोटरमार्ग

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ फागुन

दुलेगौंडा-हर्कपूर मोटरमार्ग हरेक निर्वाचनमा नेताहरूको चुनावी नारा बन्छ ।

स्थानीय तहदेखि प्रदेश र प्रतिनिधिसभासम्म जो उम्मेदवार आए पनि एउटै वाचा गर्छन्, यो सडक बनाउँछु । यही सडकलाई देखाएर नेताहरुले चुनाव जिते पनि सडकको अवस्था उस्तै छ । वर्षौं भयो, सडकको अवस्था सुध्रिएको छैन । वर्षायाममा हिलोले गाडी फस्छ, हिउँदमा धुलोले सास फेर्न गाह्रो हुन्छ । शुक्लागण्डकी नगरपालिका–३ कालिमऱ्याङका दलबहादुर थापाले चुनावका बेला जनतालाई आश्वासन देखाएकाहरुले चुनाव जितेपछि काम नगरेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "चुनाव आउँदा हामी जनताको घर-घर धाउँछन् । हात जोड्छन्, सपना देखाउँछन् । तर, जितेपछि हामी को हौँ भनेर कसैले सोध्दैन । सडकको यस्तो हालत देख्दा नेताको आँखा नखुल्नु लाजमर्दो हो । चुनाव आउँदा मात्रै हामी नागरिक हुन्छौं ।" शुक्लागण्डकी नगरपालिका–६ ब्यागनका विष्णुमाया परियारले चुनावका बेला मात्रै सडकले प्राथमिकतामा पाउने गरेकामा गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "सडकको सास्ती कति छ, शब्दमा बयान गर्नै सकिँदैन । नेताहरूले यो बाटोलाई चुनावी भाषणको मसला मात्रै बनाए । हामीले दुःख भोगिरहेका छौँ, उनीहरू भाषण गरेर सत्तामा पुगिरहेका छन् ।" दुलेगौँडा-हर्कपुर मोटरमार्गको शुक्लागण्डकी नगरपालिका–३ वन्केवाको टारदेखि म्याग्दे गाउँपालिका–६ हर्कपुर खण्ड कालोपत्रेका लागि ठेक्का लगाएको सात वर्ष पुगेको छ । गण्डकी प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक' योजनाअन्तर्गत दुलेगौँडा-हर्कपुर मोटरमार्ग कालोपत्रे गर्न विसं २०७६ कात्तिक ४ गते शङ्करमाली निर्माण सेवा प्रालि काठमाडौँले ठेक्का लियो ।

कूल १०.१८ किलोमिटर सडक कालोपत्र विसं २०७८ माघ १६ गतेभित्र सक्ने सम्झौता भएपनि हालसम्म चार पटक म्याद थप भएको छ । थपिएको म्याद आगामी चैतमा सकिन्छ । तर, काम भने ५० प्रतिशत पूरा भएको छैन ।

शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिकासँग जोडिने उक्त खण्डको दूरी २३ किलोमिटर छ । पहिलो चरणमा १० किलोमिटर सडक कालोपत्रका लागि ठेक्का सम्झौता भएको थियो । स्थानीय एवं दुलेगौँडा हर्कपुर मोटरमार्ग उपभोक्ता समितिका पूर्वअध्यक्ष देउबहादुर श्रेष्ठले यस क्षेत्रकै सबैभन्दा पुरानो सडक समयमै सम्पन्न नहुँदा स्थानीय र यात्रुले धुलो र हिलोको मार खेपेको बताउनुभयो ।

# बागलुङ-२ : कांग्रेसका उम्मेदवार पौडेललाई प्रलोपाका उम्मेदवारको साथ

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ फागुन

बागलुङ क्षेत्र नं २ मा नेपाली कांग्रेसका उम्मेदवार टेकराज पौडेललाई प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) सघाउने भएको छ ।

बुधबार ढोरपाटन नगरपालिका–१ बुर्तिबाङमा आयोजित कार्यक्रममा प्रलोपा) का उम्मेदवार पदमबहादुर कुँवरले नेपाली कांग्रेसका उम्मेदवार टेकराज पौडेललाई समर्थन गरेको बताउनुभयो ।

बुधबार कांग्रेसका उम्मेदवार पौडेलको घोषणापत्र सार्वजनिक कार्यक्रममा कुँवरले पौडेललाई सघाउने घोषणा गर्नुभयो । माओवादी केन्द्र नेकपा भएपछि कुँवर प्रलोपातर्फ लाग्नुभएको थियो । आफू उम्मेदवार बन्दा राम्रो उम्मेदवारको मत काटिएर पराजित हुनुपर्ने अवस्था आउनसक्ने भन्दै पौडेललाई सघाउने निर्णय गरेको कुँवरको भनाइ छ । उहाँको समर्थनसँगै प्रलोपाका नेता कार्यकर्ता भने अन्योलमा देखिएका छन् ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Pli 1610003251 | सक्षम खाती | पुतलीबजार-१, स्याङ्जा |
| २ | Gli 0610010997 | आदर्श बराल | पोखरा-७, कास्की |

# तमु भाषा र संस्कृतिको संरक्षणमा तनहुँका तमु समुदाय

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ फागुन

'सिक्दैछौँ आधुनिक ज्ञान, भुल्दैनौँ आफ्नो मौलिक पहिचान' नाराका साथ सन् २०२६ लाई तमु भाषा, साहित्य, कला एवं संस्कृति वर्षका रूपमा विविध कार्यक्रम गरी मनाउने तयारी भइरहेको छ । आदिकवि भानुभक्त क्याम्पसको आयोजनामा यस वर्ष तमु भाषा, साहित्य, कला र संस्कृति वर्ष २०२६ मनाइँदैछ ।

यो कार्यक्रम आयोजनाको मुख्य उद्देश्य भविष्यमा सांस्कृतिक अभियन्ता र विज्ञ जनशक्ति उत्पादन गर्न उत्कृष्ट मार्गनिर्देशन गर्नु रहेको जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले बताउनुभयो ।

क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले तमु ह्युल छोंज धिं र शैक्षिक संस्थासँगको सहकार्यमा समुदायको सङ्गठनशीलता, एकता देखाउने र सहकार्यको सन्देश प्रवाह गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिनुभयो । क्याम्पस र तमु समुदायको संयुक्त प्रयासले मात्र सन् २०२६ लाई सफल 'तमु भाषा र संस्कृति वर्ष' बनाउन सकिने उहाँले विश्वास व्यक्त गर्नुभयो । जिल्ला समन्वय समितिका प्रमुख वाग्लेले भाषा मरे संस्कृति मर्ने हुँदा नयाँपुस्ताका तमुले खेगी, पच्यु र क्ल्हेप्री परम्परा जोगाउन गुरुङ भाषाको ज्ञान प्राप्त गर्नु अनिवार्य भएको बताउनुभयो । उहाँले भन्नुभयो, "आफ्नो मातृभाषा बोल्न लाज होइन, गर्व गर्नुपर्छ । भाषा बाँचे मात्र हाम्रो इतिहास र पहिचान बाँच्छ । यसको संरक्षण र प्रवर्द्धनमा सबैले सहकार्य र समन्वय गर्नुपर्छ ।"

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले सांस्कृतिक मौलिकता हाम्रो शक्ति भएको बताउँदै क्याम्पसको नारा 'सिक्दैछौँ आधुनिक ज्ञान, भुल्दैनौँ आफ्नो मौलिक पहिचान' आत्मसात् गरेर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "विश्वको जुनसुकै कुनामा पुगे पनि हाम्रो भाषा र संस्कृतिले हामीलाई सम्मानित बनाउँछ ।" क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशबहादुर सुनारले रैथाने ज्ञान र सीपलाई आधुनिक प्रविधिसँग जोडेर नयाँ पुस्तामा हस्तान्तरण गर्ने प्रयासस्वरूप तमु वर्षको कार्ययोजना तयार गरी कार्यान्वयनमा लागिएको जानकारी दिनुभयो ।

सम्पदा नेपालका अध्यक्ष तथा पर्यटनविज्ञ हरिसिं गुरुङले गुरुङ समुदायको रोधी, घाँटु, सोरठी, कृष्णचरित्र नाचलगायत संस्कार केवल नाच नभई सभ्यताको अङ्ग भएकाले तिनीहरूको मर्म बुझ्न र जोगाउन प्रतिबद्ध रहनुपर्नेमा जोड दिनुभयो । यस अभियानले देशभर सकारात्मक सन्देश प्रवाह गर्ने उहाँले अपेक्षा व्यक्त गर्नुभयो । तमु विद्यार्थी सहयोग समूहका अध्यक्ष रोहन गुरुङले भाषा, साहित्य, कला र संस्कृति संरक्षणको वार्षिक कार्ययोजना नयाँ पुस्तामा पुलको भूमिकामा रहेको बताउनुभयो । आँबुखैरेनी, देवघाट र व्यास नगरपालिकाका १०० भन्दा बढी तमु विद्यार्थी र समुदायका अगुवासँग समन्वय गरी कार्ययोजना तयार गरिएको हो । देवघाट गाउँपालिकाकी स्नातकतहमा अध्ययनरत छात्रा रिया गुरुङले भन्नुभयो, "हामी तमु, हाम्रो भाषा, साहित्य, कला र संस्कृतिमा स्पष्ट हुन सकेनौँ भने भोलि अभिभावक नहुँदाको अवस्थामा नयाँ पुस्तालाई के सिकाउने ? पुस्तान्तरणसहित भाषा, संस्कृतिको संरक्षण र प्रवर्द्धनमा यस्ता कार्यक्रम प्रभावकारी माध्यम बन्ने विश्वास छ ।" यसैबीच, क्याम्पसले आदिवासी जनजातिको भाषा तथा संस्कृति संरक्षण तथा विकास समितिमार्फत सन् २०२६ लाई गुरुङ (तमु) भाषा, साहित्य, कला र संस्कृति वर्षका रूपमा घोषणा गरेको छ ।



चरन क्षेत्रबाट बासस्थानतर्फ फर्किँदै च्याङ्ग्राको बथान :
मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-४ फल्याक गाउँमा व्यावसायिक रुपमा पालन गरेको च्याङ्ग्राको बथान चरन क्षेत्रबाट बासस्थानतर्फ फर्किँदै । तस्बिरः सुन्दरकुमार थकाली/रासस

# ट्र्याक खुलेको २६ वर्षपछि सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ फागुन

'ट्र्याक' खुलेको २६ वर्षपछि ग्रामीण सडक कालोपत्र भएपछि स्थानीय खुसी भएका छन् । जिल्ला सदरमुकामसँग जोडिएको मूलपानी-तितौरे, ओडारचौर-ढोडेनी र गणेशघुम्ती-निरयघाट सडक कालोपत्र भएको हो । सडक कालोपत्र भएपछि यात्रा र सामान ढुवानी गर्न सहज भएको छ ।

सहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रममार्फत मूलपानी-तितौरे सडकको ८.५ किलोमिटर, ओडारचौर-ढोडेनीसम्मको २.५ किमी र गणेशघुम्ती-निरयघाटअन्तर्गत १.५ किमी गरी १२.२ किमी सडक कालोपत्र गरिएको छ । विश्व बैंकको रु ४८ करोड अनुदानमा सडक निर्माण गरेको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । सडकले ग्रामीण जनतालाई यात्रा गर्न र स्थानीय उत्पादनको बजारीकरण गर्न सहज भएको उहाँको भनाइ छ । बागलुङ नगरपालिकाका तीनवटा वडामा पर्ने उक्त सडकले नागरिकको जीवनस्तर परिवर्तन ल्याउनमा प्रमुख श्रेष्ठ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "ट्र्याक खुलेको धेरै समय भएको थियो, तर अहिलेसम्म कालोपत्र नहुँदा गाउँमा धुलोले स्थानीय आजित थिए, यात्रा र सामान ढुवानीमा पनि उस्तै समस्या थियो, अब कालोपत्र सडकले उनीहरूको यात्रामात्र होइन दैनिकी नै सहज बनाउने अपेक्षा लिएका छौँ ।"

तीन सडकले बागलुङ नगरपालिका-१, ४ र ७ वडा जोडेको छ । सडक कालोपत्र भएपछि धुलो र हिलोबाट मुक्त भएको स्थानीय तुलसी सापकोटाले बताउनुभयो ।

केही महिना अगाडिसम्म घर अगाडि गाडी गुड्दा धुलो र हिलो भान्छा कोठामै पुग्ने गरेको भन्दै अहिले कालोपत्र गरेको चिटिक्क बनेको उहाँको भनाइ छ । अर्का स्थानीय प्रेम विकले अब बागलुङ बजार आवातजावात गर्न निकै सहज हुने बताउनुभयो । पहिले अप्ठ्यारो र साँघुरो हुँदा साढे एक घण्टा लाग्ने गरेको भन्दै अब २५-३० मिनेटमै बजार झर्न सकिने उहाँको भनाइ छ ।

# मर्दी र अन्नपूर्ण संरक्षण क्षेत्रका व्यवसायीलाई उत्साहित बनाउने मनोज गुरुङको अठोट

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन



मर्दी हिमाल ट्रेक र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना भित्रका विभिन्न स्थानमा स्थानीयले विगतदेखि भोगचलन गर्दै आएका ठाउँमा होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्दै आएका छन् ।

पितापुर्खाले चरनका लागि गोठ बनाएका ठाउँहरू समयसँगै व्यवसायमा परिणत भए पनि संरक्षण क्षेत्रभित्र परेकाले धेरै व्यवसाय अझै कानूनी मान्यताविहीन छन् । मर्दी ट्रेक क्षेत्रमा केही मापदण्ड बनाएर आंशिक रूपमा वैधानिक बनाउने प्रयास भए पनि व्यवसायीहरू सन्तुष्ट देखिँदैनन् । कास्की क्षेत्र नं ३ का उम्मेद्वार मनोज गुरुङले संरक्षण क्षेत्रभित्र रहेका व्यवसायलाई वैधानिकता दिलाउन संसदबाटै पहल गर्ने प्रतिबद्धता जनाएका छन् । मत माग्न गाउँघर पुग्ने क्रममा उनले संरक्षण क्षेत्र व्यवस्थापन नियमावली समयअनुसार संशोधन गर्नुपर्ने र त्यसका लागि आफू सक्रिय रूपमा अघि बढ्ने बताए ।

"संरक्षण क्षेत्र नियमावली समयसापेक्ष संशोधन गरी स्थानीय व्यवसायीलाई त्रसित होइन, उत्साहित बनाउनु पर्छ," उनले भने, "मापदण्ड पूरा गरेका होटल तथा रेष्टुरेन्टलाई कानूनी दायरामा ल्याएर रोयल्टीको मुख्य हिस्सा स्थानीय विकासमै लगाउने व्यवस्था मिलाउन पहल गर्छु ।" व्यवसायीहरूले पनि आफ्ना व्यवसायलाई कानूनी मान्यता दिनुपर्ने माग राख्दै आएका छन् । कर तिर्न तयार हुँदाहुँदै पनि वैधानिकता नपाउँदा अन्योलमा परेको उनीहरूको गुनासो छ । गुरुङले मर्दी, माछापुच्छ्रे र अन्नपूर्ण क्षेत्रका लुकेका पर्यटकीय गन्तव्यलाई चिनाउने योजना पनि अघि सारेका छन् । अहिले सञ्चालनमा रहेका अधिकांश पदमार्गमा सडक सञ्जाल विस्तार भइसकेकाले नयाँ र वैकल्पिक मार्गको खोजी गर्ने उनले बताए । "हाम्रो भूगोलमा अपार सम्भावना बोकेका नयाँ गन्तव्य छन्, तर ती राज्यको नजरमा पर्न सकेका छैनन्," उनले भने, "म सांसद भएपछि मौलिक संस्कृति झल्कने होमस्टे र पदमार्गलाई अझ व्यवस्थित र सुविधायुक्त बनाउन पहल गर्छु ।" संरक्षण क्षेत्रभित्रका वन पैदावार र जडीबुटीलाई गाउँमै प्रशोधन गरी बजारसम्म पुऱ्याउने योजना पनि उनले सुनाए । "हाम्रा जडीबुटी कच्चा पदार्थमै सीमित रहनु हुँदैन," उनले भने, "गाउँमै उद्योग स्थापना गरी ब्रान्डेड वस्तुका रूपमा बिक्री-वितरण र निर्यात गर्ने वातावरण बनाइन्छ।" सामुदायिक वन उपभोक्ता समूहलाई थप अधिकार सम्पन्न बनाउने र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई स्थानीयकरण गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे । मत माग्ने क्रममा स्थानीय बासिन्दाले विकासका समस्या राखेका छन् । गुरुङले आवश्यकताका आधारमा योजना अघि बढाउँदै सबै वडा कार्यालयसम्म पक्की सडक पुऱ्याउने प्रतिबद्धता जनाएका छन् । अन्नपूर्णका अधिकांश वडा र माछापुच्छ्रे गाउँपालिकाका केही वडामा अझै पक्की सडक पुग्न बाँकी छ । संरक्षण क्षेत्र आयोजनाभित्र कानुनी जटिलताका कारण विकास निर्माण सुस्त भएको गुनासो स्थानीय जनप्रतिनिधिले गर्दै आएका छन् ।

संरक्षण क्षेत्रमै हुर्केका नागरिक भएकाले यी समस्या आफूले नजिकबाट भोगेको र समाधानका लागि अगुवाइ गर्ने मनोज गुरुङको भनाइ छ । युवालाई देशमै रोक्न संरक्षण क्षेत्रको उचित व्यवस्थापन अपरिहार्य रहेको उनले बताए ।

"हाम्रा युवाहरू रोजगारीको खोजीमा खाडी मुलुक जान बाध्य छन्, तर यहीँ अपार स्रोत साधन खेर गइरहेका छन्," गुरुङले भने, "उद्योग स्थापना गरी पर्यटनसँग जोड्न सके गाउँमै रोजगारी सिर्जना हुन्छ। कृषि पनि पर्यटनसँग गाँसिन्छ। गाउँठाउँको हरियाली नियाल्दै स्थानीय उत्पादन उपभोग गर्ने वातावरण बने समृद्धिको बाटो धेरै टाढा हुँदैन ।" कास्की-३ का अधिकांश वडा संरक्षण क्षेत्रभित्र पर्छन् । कानूनी जटिलताले विकास निर्माण ढिलो भइरहेको अवस्थामा गुरुङले यस समस्याको समाधानका लागि अग्रसर रहने संकल्प व्यक्त गरेका छन् ।

# निर्वाचनमा खटिने मतदान र सहायक मतदान अधिकृतलाई तालिम

**पोखरापत्र संवाददाता**
दमौली, १३ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदान र सहायक मतदान अधिकृतलाई आजदेखि तालिम सुरु गरिएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले तनहुँ क्षेत्र नं १ र २ का मतदानस्थलमा खटिने मतदान र सहायक मतदान अधिकृतलाई तालिम दिन सुरु गरेको हो ।

तालिमको पहिलो दिन आज निर्वाचन क्षेत्र नं १ अन्तर्गत ६९ मतदानस्थलका १५३ मतदान केन्द्रका मतदान र सहायक मतदान अधिकृतलाई तालिम प्रदान गरिएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिनुभयो ।

तालिमको दोस्रो दिन मङ्गलबार क्षेत्र नं २ अन्तर्गत ७५ मतदानस्थलका १५६ मतदान केन्द्रका कर्मचारीलाई तालिम प्रदान गरिनेछ । मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायले निर्वाचनलाई भयरहित, स्वच्छ, निष्पक्ष वातावरणमा सम्पन्न गराउने बताउँदै इमानदार भएर निर्वाचनमा खटिन कर्मचारीलाई निर्देशन दिनुभयो । उहाँले निर्वाचनमा सुरक्षा व्यवस्था मजबुत बनाइने भन्दै ढुक्क भएर निर्वाचनमा परिचालन हुन र मतदातालाई निर्धक्कसँग मतदान गर्न आग्रह गर्नुभयो ।

# नेकपा पहिलो दल बन्छ : संयोजक दाहाल

**रासस**
काठमाडौं, १३ फागुन

नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आसन्न प्रतिनिधिसभा निर्वाचनमा आफ्नो दल पहिलो हुने बताउनुभएको छ ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आज वाम बुद्धिजीवीसँगको छलफलमा उहाँले ६५ देखि ७० सिटसम्म प्रत्यक्षमै निर्वाचित हुने एक अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएको बताउनुभएको हो ।

निर्वाचनको मितिसम्म पुग्दा नेकपाले अझै बढी मेहनत गरेमा नतिजा झनै राम्रो आउनसक्ने सम्भावना रहेको बताउँदै पूर्व प्रधानमन्त्री समेत रहनुभएका दाहालले पार्टीका चुनावी कार्यक्रम जनतालाई बुझाउन जरुरी रहेको उल्लेख गर्नुभयो ।

पार्टीका पक्षमा जनमत सिर्जना गर्न बुद्धिजीवीहरूले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै उहाँले प्रतिबद्धतापत्र हरेक वडामा पुऱ्याउन नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "अब निष्पक्ष निर्वाचन हुने हो भने परिणाम राम्रै हुने देखिन्छ ।"

# बागलुङमा ५९ थान हातहतियार बुझाइयो

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ फागुन

निर्वाचनको समयमा इजाजत प्राप्त हातहतियार नबुझाए हतियारको अनुमतिपत्र (लाइसेन्स) खारेज गरिने भएको छ । बागलुङमा ३८ दिनमा इजाजत प्राप्त ५९ थान हातहतियार बुझाइएका छन् ।

जिल्लामा अझै ८३ थान हातहतियार बुझाउन बाँकी रहेकाले अटेरी गर्नेको लाइसेन्स खारेज गरिने प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै निजी हातहतियार बुझाउन आग्रह गरेअनुसार अहिलेसम्म ५९ थान हातहतियार जिल्ला प्रशासन कार्यालयमा बुझाइएको हो ।

बागलुङमा दर्तावालामात्रै १४२ हतियार रहेकामा छन् । निर्वाचनको समयमा हुनसक्ने उच्छृङ्खल गतिविधि रोक्ने र शान्ति सुरक्षाका लागि इजाजत प्राप्त हातहतियार बुझाउन सम्बन्धित सबैलाई निर्देशन दिएकामा अहिलेसम्म ५९ थान लाइसेन्स प्राप्त भरुवा, 'सट गन'लगायत हतियार प्राप्त भएको प्रमुख जिल्ला कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो ।

निर्वाचनलाई मध्यनजर गर्दै गत माघ ८ गते बसेको जिल्ला सुरक्षा समितिको निर्णयअनुसार जिल्लाभित्र विभिन्न व्यक्ति तथा समूहको नाममा रहेका सबै प्रकारका इजाजत प्राप्त हातहतियार र सोको खरखजाना बुझाउन सूचना जारी गरिएको थियो । जिल्ला प्रशासन कार्यालयले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न/गराउन जिल्लाका विभिन्न व्यक्तिका नाममा इजाजत प्राप्त हातहतियार बुझाउन आग्रह गरेको हो ।

प्रजिअ आचार्यका अनुसार निर्वाचन अघिसम्म हतियार बुझाउन पाइने बताउनुभयो । उहाँले समयमा नबुझाएका हतियार निर्वाचनमा फेला परेमा लाइसेन्स रद्द गरिने जानकारी दिनुभयो । जिल्ला प्रशासनले इजाजत प्राप्त हातहतियार र विभिन्न काममा प्रयोग हुने गोलीगठ्ठा जिल्ला प्रहरी कार्यालय वा नजिकको प्रहरीचौकीमा बुझाउन सूचना जारी गरेको थियो । प्रहरीले निर्वाचन लक्षित गरी चलाएको 'सर्च अप्रेशन'मा ११५ थान अवैध हातहतियार बरामद गरेको थियो । एक सय १५ थान हतियार अवैध रूपमा लुकाइछिपाइ राखिएको अवस्थामा प्रहरीले बरामद गरेको थियो ।

# निष्पक्ष निर्वाचन गराउन राष्ट्रिय मानव अधिकार आयोगको आग्रह

**रासस**
काठमाडौं, १३ फागुन

राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष तपबहादुर मगरले आसन्न निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित तुल्याउन सबैसँग आग्रह गर्नुभएको छ ।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानद्वारा बुधबारयहाँ आयोजित 'लोकतन्त्रको स्थायित्वका लागि निर्वाचन र सरोकारवालाको' भूमिका विषय कार्यक्रममा उहाँले निर्वाचनका लागि स्वच्छ वातावरण बनाउन सरकार, राजनीतिक दल, नागरिक समाज, सुरक्षा निकाय र सञ्चारजगतको महत्वपूर्ण भूमिका रहने धारणा राख्नुभयो । अध्यक्ष मगरले भन्नुभयो, "जनताले निष्पक्ष रूपमा आफ्नो सक्षम र योग्य जनप्रतिनिधि छान्न पाउनुपर्छ । मतदातालाई दिग्भ्रमित हुने कार्य कसैबाट हुनुहुन्न ।" नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक डम्बरबहादुर विकले निर्वाचन सुरक्षा व्यवस्थापन र तयारीका हिसाबले मतदानका दिन गर्नुपर्नेबाहेक सम्पूर्ण तयारी पूरा गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "आममतदाताले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा मतदान गर्न पाउनुहुन्छ । त्यसका लागि राजनीतिक दल र उम्मेदवार आवश्यक सहयोग हुनेछ ।" नेपाल प्रहरी निर्वाचनको पहिलो घेरामा रहेर जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले मतदाताको निर्वाचनप्रतिको चासो र सुरक्षाकर्मीको मनोबल उच्च रहेको बताउनुभयो । सशस्त्र प्रहरी बलको अतिरिक्त महानिरीक्षक गणेश ठाडामगरले देशको विशिष्ठ परिस्थितिपछि हुन लागेको निर्वाचनप्रति आमनागरिकमा चासो रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचन आयोग र एकीकृत सुरक्षा योजनाअनुरूप दोस्रो घेरामा रही सुरक्षा प्रदान गर्नेछ । केन्द्र, प्रदेश र जिल्लामा सुरक्षा सेल खडा गरी हुनसक्ने सुरक्षा चुनौतीको विश्लेषणका साथ सुरक्षा बन्दोबस्ती मिलाइएको छ ।" निर्वाचन आयोगका प्रतिनिधि उषा गजमेरले निर्वाचन आचारसहिता लागू भइसकेकाले राजनीतिक दल, उम्मेदवार र सरोकारवाला सबैले त्यसको पालना गर्न आग्रह गर्नुभयो ।

निर्वाचनमा कुनै उम्मेदवारलाई लक्षित गरी आरोप प्रत्यारोप गरेमा दण्डको भागिदार हुनुपर्ने कानुनी व्यवस्था रहेको बताउँदै उहाँले राजनीतिक दल र उम्मेदवार मुख्य जिम्मेवार भएकाले विभिन्न समयमा आयोगले छलफल र परामर्श गरिसकेको जानकारी दिनुभयो ।